
# बाइबल करारहरू

# Bible Covenants




Jerry Bates

# बाइबल करारहरु
# (BIBLE COVENANTS)
## (In Nepali)

© सर्वाधिकार प्रकाशकमा,
पहिलो संस्करण: २०७९, असार
संख्या: (२,००० प्रति)
First Printing in Nepal : September, 2022.
Copies : 2000

लेखक/Writer
जेरी बेट्स/Jerry Bates

मुद्रण:
ऐरिदेवी प्रिन्टिङ्ग प्रेस
ज्वागल-१०, ललितपुर

प्रकाशक
चापागाँउ ख्रीष्टको मण्डली
नेपाल बाइबल अध्ययन केन्द्र
Nepal Center for Biblical Study
पो.ब.नं. २५९९९, ललितपुर, नेपाल
मोबाइल: ९८४३०५२०९४
Email: gajendra_deshar@yahoo.com


'आफ्नो बाइबल बुझ्नुहोस् ।

KNOW YOUR BIBLE

# बाइबल करारहरु
# BIBLE COVENANTS

Advanced Bible Study

*उच्च श्रेणीको बाइबल अध्ययन*




**Jerry Bates**

# परिचय

बाइबलका महत्वपूर्ण विषयहरू बुझ्न सजिलो छ । मलाई विश्वास छ कि यो पुस्तकले पनि धेरै सजिलो बनाउनेछ । यस बाइबल अध्ययन पुस्तकको लेखकलाई मेलै थोरै समयदेखि चिनेको छु, जो कुनै पनि बाइबल बिषयमा सरल र बलियो शिक्षाका लागि परिचित हुनुहुन्छ । उहाँद्वारा यो पुस्तकको परिचय र प्रकाशन गर्न पाउँदा म अत्यन्तै खुशी छु । यस पुस्तकको लेखक दाजु जेरी बेट्स हुनुहुन्छ । उहाँले आफ्नो कक्षा कोठामा पढाउने तरिकाले बाइबलका बिषयहरू बुझ्नको लागि धेरै सजिलो भएको छ । हामीलाई बाइबलबाट "बाइबल करारहरू" का विषयवस्तुको बारेमा ज्ञान दिनको लागि यहाँ लेखकद्धारा लिखित रूपमा त्यही विधि प्रयोग गरिरहनु भएको छ । हामीलाई बाइबलमा आधारित यो विषय बुझाउनको लागि लेखकले धेरै परिश्रम गर्नुभएको छ र उहाँ पाठमा होसियार पनि हुनुहुन्छ ।

तपाईको अध्ययनको क्रममा उठ्ने यस्ता कुनै पनि प्रश्नहरूलाई हामी स्वागत गर्छौं । तपाईले जवाफ दिन र आफ्नो शिक्षकलाई फिर्ता पठाउनको लागि प्रत्येक पाठमा एउटा प्रश्न खण्ड राखिएको छ । कृपया भरिएको प्रश्नावली पाना प्रषेकको ठेगाना (तपाईको शिक्षक) लाई एक्लै पठाउनुहोस् । भविष्यमा अध्ययन गर्नको लागि पुस्तक राख्नुहोस् । यो अध्ययन पूरा गर्नुभएपछि तपाईलाई सुन्दर प्रमाणपत्रले पुरस्कृत गरिनेछ । परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् । तपाईले अध्ययन गर्नुहुँदा र आफूलाई परमेश्वरको सामु योग्य साबित गर्नुहोस् ।

**प्रभुको सेवामा,**
**गजेन्द्र देशार**
**चापागाउँ ख्रीष्टको मण्डली**
**नेपाल बाइबल अध्ययन केन्द्र**
**चापागाउँ, ललितपुर**

# बाइबल करारहरू

## बिषय सूची

(१) बाइबलीय करारहरू..............................................४

(२) मोशाको व्यवस्था..............................................१०

(३) ख्रीष्टको व्यवस्था..............................................१४

(४) नयाँ करारको सर्वश्रेष्ठता.......................................२०

(५) दुई महिला र दुई व्यवस्थाहरू ..............................२८

(६) नयाँ करारको व्यवहारिक प्रयोगहरू.......................३४

# १

# बाइबलीय करारहरु

यो अध्ययन धेरै महत्वपूर्ण विषयको छ । यो अक्सर बेवास्ता गरिएको विषय पनि हो । ख्रीष्टियान समुहहरुका विचमा प्रायः विश्वासको विशाल अन्तरको प्रमुख कारणले गर्दा करारहरुको बारेमा गलत अर्थ लगाएको छ । बाइबल परमेश्वरको वचन हो । हामीले ती सबै वचनलाई मान्नुपर्छ भनी प्रायः जसो सबैले सामान्यरुपमा विश्वास गर्छन् । वास्तवमा, कसैले पनि वचनलाई पालन गर्ने प्रयास गर्दैनन् । पुरानो करारमा विभिन्न पशु बलिदानको बारेमा आज्ञा दिएको छ । तापनि हामीलाई थाहा छ कि अहिले परमेश्वरको आराधनामा पशु बलिदान चढाउने कुराहरुलाई कसैले निरन्तरता दिँदैनन् । तसर्थ, बाइबलीय करारहरुको बारेमा गम्भीर रुपमा अध्ययन गर्नु आवश्यक छ ।

## करार भनेको के हो?

करार भनेको के हो भनेर निश्चित गर्नु यो अध्ययनको पहिलो चरण हो । सरल भाषामा अर्थ लगाउँदा करार भनेको सम्झौता हो । यो सम्झौता दुई पक्ष बीच हुन्छ, जसमा अन्त्य सम्मै आफ्नै सम्झौताहरु पूरा गर्नको निम्ति विभिन्न जिम्मेवारीहरु हुन्छन् । प्राचीन समयमा दुई प्रकारका करारहरु थिए । एउटा करारमा दुई समान पक्षहरु बीचको सम्झौता हुन्थ्यो, जस्तै दुई व्यक्तिहरु बीच करार हुन्थ्यो । तिनीहरु एउटा सम्झौतामा पुगेर प्रत्येकले पालन गर्न सक्ने अवस्था नभएसम्म तिनीहरुले वार्ता र सम्झौता गरिरहन्छन्, जसरी आज राष्ट्रहरुका बीचमा भएका सन्धिहरु जस्तै हुन् । अर्को प्रकारको सम्झौता छ, जहाँ एउटा उच्च पक्ष र कमजोर पक्ष बीच हुनेछ । जसरी एउटा बलियो राष्ट्रले अर्को कमजोर राष्ट्रलाई जित्यो भने यस्तो सन्धि

हुन्छ । उत्कृष्ट पक्षले केही माग र वाचाहरु गर्नेछ । कमजोर पक्षले पालना गर्नु पर्ने हुन्छ वा परिणामहरु भोग्न बाध्य हुन्छ । स्पष्ट रुपमा, परमेश्वरले मानिसहरुसँग गर्नु भएको करार पनि यस्तै हो । परमेश्वरसँग मोलतोल गर्ने र माग गर्ने अधिकार मानिससित छैन्, किनभने उहाँ हाम्रो सृष्टिकर्त्ता हुनुहुन्छ ।

यी करारहरु सामान्यतया पक्षहरुका, भाकल र साक्षीहरुका उपस्थितिमा बनाइएका थिए । जस्तै कुनै स्मारकहरुको स्थापना गरेर वा उपहार आदानप्रदान गरेर तिनीहरु कुनै न कुनै रुपमा अनुमोदन गरिन्थ्यो । यसले यी करारहरुको गम्भीरता देखाउँछ । एकपटक करार बाँधिएपछि तिनीहरु गम्भीर परिणामहरु बिना तोड्न सकिँदैन् । पावलले गलाती ३:१५ मा करारको यस पक्षलाई उल्लेख गरेको छ । "भाइ हो, प्रतिदिनको जीवनबाट एउटा उदाहरण लिऔं, एक चोटि पक्का भइसकेपछि मानिसले बनाएको इच्छापत्र कसैले रद्द गर्न सक्दैन्, न त त्यसमा केही थप्न सक्छ ।" यदि मानिसका करारहरु त्यति बाध्यकारी थिए भने, परमेश्वरसँग बाँधिएको करार कति बढी हुन्छन् भन्ने पावलको मान्यता हो । यसमा ध्यान दिनु आवश्यक छ कि यी करारहरु केवल ती व्यक्तिहरुका लागि बाध्यकारी थिए जससँग करार गरिएको थियो । यदि मैले "क" भन्ने व्यक्तिसँग सम्झौता गर्ने हो भने, त्यो सम्झौता केवल उहाँ र मेरो बीचमा मात्र हुनेछ । यो करार अर्को "ख" भन्ने व्यक्ति वा अरु कसैमा बाँधिनेछैनन् । बाइबलीय करारहरुको सन्दर्भमा पनि यही सिद्धान्त प्रयोग हुनेछ । निम्न पाठहरु याद गर्नको लागि यो बुँदा महत्वपूर्ण हुनेछ ।

## परमेश्वरले विभिन्न करारहरु बाँध्नुभयो ।

परमेश्वरले विभिन्न समयमा विभिन्न मानिसहरुसँग विभिन्न करारहरु बाँध्नुभयो । पहिलो करार आदमसित थियो । परमेश्वरले एउटा बगैंचा बनाउनुभयो । आदम र  हब्बालाई त्यो बगैंचामा राख्नुभयो । परमेश्वरले तिनीहरुको जीवनलाई चाहिने सबै कुरा दिनुभयो । यो पृथ्वीको शाब्दिक स्वर्गलोक थियो । केवल एउटै सर्तसित तिनीहरु सदाकालसम्म बाँच्नेछन् भनी परमेश्वरले प्रतिज्ञा गर्नुभयो । असल र खराबको ज्ञान दिने रुखको फल तिनीहरुले खानु हुँदैन्थ्यो । आदम र हव्वाले मनाही गरेको फल खाएर  करारलाई भङ्ग गरेका थिए । यसरी पापको परिणाम स्वरुप तिनीहरु बगैंचा छोड्न बाध्य भए ।

परमेश्वरले दोस्रो करार नोआसित बाँध्नु भएको थियो । परमेश्वरले संसारलाई फेरि कहिल्यै जलप्रलयद्धारा नष्ट नगर्ने प्रतिज्ञा गर्नुभयो । परमेश्वर र मानिस बीचको यो करारको चिन्ह 'इन्द्रेणी' हो (उत्पति ९:९-१७) । यो करारमा नोआलाई फलदायी हुने, बृद्धि हुने र पृथ्वीमा भरिदै जाने जस्ता प्रतिज्ञाहरु थिए (उत्पति ८:१७) ।

परमेश्वरले दाऊदसँग अर्को करार गर्नु बाँध्नु भएको थियो । २ शमूएल ७ अध्यायमा यो प्रतिज्ञा परमेश्वरले दाऊदसित गर्नु भएको हामी देख्छौं । "जब तेरो दिन पूरा हुनेछ, र तँ आफ्ना पित्रहरुसँग विश्राम गर्नेछस्, तब म तेरै सन्तानमध्येबाट, तेरै शरीरबाट एक जना, तेरो उत्तराधिकारी हुनलाई उठाउनेछु, र त्यसको राज्य स्थिर गराउनेछु । तेरो घराना र तेरो राज्य मेरो सामुन्ने सधैंभरि रहिरहनेछ, र तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ" (२ शमूएल ७:१२,१६) । २ शमूएल २३:५ मा दाऊदले यो प्रतिज्ञालाई "करार" भनेको छ । यो करारलाई भजन संग्रह १३२:१२ मा फेरि उल्लेख गरिएको छ । "यदि तेरा छोराहरुले मेरो करार, र मैले तिनीहरुलाई सिकाएका मेरा कानूनहरु पालन गरे भने, तिनीहरुका छोराहरु पनि सदाको निम्ति तेरो सिंहासनमा बस्नेछन् ।" दाऊदको वंश सधैभरि आफ्नो सिंहासनमा बस्नेछ भनी परमेश्वरले प्रतिज्ञा गर्नुभएको हामी देख्न सक्छौं ।

परमेश्वरले अब्राहामसँग अर्को करार बाँध्नुभयो । हामीले यो करार उत्पति १२:१-३ मा पढ्न पाउछौं । "परमप्रभुले अब्रामलाई भन्नुभयो, तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताको घरबाट निस्केर जुन देश म तँलाई देखाउँछु त्यहाँ जा । म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष दिनेछु । म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस् । तँलाई आशिष दिनेहरुलाई म आशिष दिनेछु, र तँलाई सराप दिनेहरुलाई सराप दिनेछु । तँद्धारा नै पृथ्वीका सबै कूलले आशिष पाउने छन् ।" यस करारमा परमेश्वरले अब्राहामको तर्फबाट गर्नु भएका चारवटा प्राथमिक प्रतिज्ञाहरु छन् । अब्राहाम एउटा महान राष्ट्रको पिता हुनेछ; यो नयाँ राष्ट्रको लागि एउटा भूमि हुनेछ; परमेश्वरले उनलाई आशिष दिने प्रतिज्ञा गर्नुभयो; र अब्राहामद्धारा पृथ्वीका सबै राष्ट्रहरुले आशिष पाउनेछन् । यो अन्तिम प्रतिज्ञा आत्मिक स्वभावको थियो । यो आत्मिक प्रतिज्ञा येशूको

आगमनको सन्दर्भमा थियो, जसले अब्राहामको घरानालाई मात्र नभई सम्पूर्ण संसारलाई आत्मिक मुक्ति ल्याउनुहुनेछ । अन्य तीन वटा प्रतिज्ञाहरु भौतिक स्वभावका थिए ।

अब्राहामका सन्तानहरुले मिश्रको दासत्वलाई त्यागेर आएका थिए । उनीहरुलाई परमेश्वरले सिनै पर्वतमा डोऱ्याउनुभयो । त्यहाँ परमेश्वरले मोशा र इस्राएलका मानिसहरुसँग एउटा करार स्थापना गर्नुभयो । "तब मोशा परमेश्वरकहाँ गए र परमप्रभुले तिनलाई पर्वतबाट भन्नुभयो, "याकूबका घराना र इस्राएलीहरुलाई तैले यसो भन्नू: मैले मिश्रीहरुलाई के गरें, र तिमीहरुलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरुले देखेका छौ । अब यदि तिमीहरुले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गऱ्यौ भने, सबै जातिहरुमध्ये तिमीहरुचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौं । सारा पृथ्वी मेरै भए तापनि तिमीहरु मेरो निम्ति पूजाहारीहरुको एक राज्य र एक पवित्र जाति हुनेछौ । इस्राएलीहरुलाई तैले भन्नुपर्ने कुरा यी नै हुन्" (प्रस्थान १९:३-६) । यस करारमा दश आज्ञाहरु पनि समावेश थियो । मोशा सिनै पर्वतमा परमप्रभुसित चालीस दिन र चालीस रात बसे । तिनले न त रोटी खाए न पानी पिए । तिनले ती शिला-पाटीहरुमा त्यस करारका वचन, अर्थात ती दश आज्ञाहरु लेखेको थियो (प्रस्थान ३४:२८) ।

अन्तिम करार भनेको सम्पूर्ण मानवजातिको निम्ति बनाएको करार हो । यो करार क्रूसमा येशूको मृत्युसँगै स्थापना भएको थियो । यी अन्तिम दुई करारहरु हुन् जसमा यो अध्ययनले विशेष चासो दिएको छ । यी दुई करारहरुका भ्रमले गर्दा आज संसारमा धेरै धार्मिक विभाजन भएको पाउँछौं । यस कारण हामी अर्को पाठहरुमा यी दुई करारका विभिन्न पक्षहरुलाई थप विस्तारित रुपमा हेर्नेछौं ।

नाम:.........................................भर्ना नम्बर.............................

## प्रश्नहरु

(१) करार भनेको के हो?

(२) कोसित करार बाँधिएको हुन्छ?

(३) परमेश्वरले करार  बाँध्नुभएको चारजना व्यक्तिहरुका नाम लेख्नुहोस्?

(४) इस्राएलहरुसित करार कहाँ बाधिएको थियो?

(५) आजको संसारमा धार्मिक विभाजनको एउटा ठूलो कारण के हो?

## सही/गलत

(१) परमेश्वले दाऊदसँग गर्नुभएको करारको प्रमुख प्रतिज्ञा भनेको उनको राज्य सदाकालसम्म रहनेछ भन्ने थियो । सही/गलत

(२) अब्राहामसँग गरिएको करारको अन्तिम प्रतिज्ञा येशूको सन्दर्भ थियो । सही/गलत

(३) बाइबलमा फल्दै फुल्दै बढ्दै जानु एउटा आज्ञा हो, यो सबैलाई लागु हुन्छ । सही/गलत

(४) मोशाको व्यवस्था सबै मानवजातिको लागि दिइएको थियो । सही/गलत

(५) दश आज्ञाहरु वास्तवमा मोशाको व्यवस्थाको अंश होइन् । सही/गलत

२

# मोशाको व्यवस्था

मोशाको व्यवस्था इस्राएलीहरुलाई सिनै पर्वतमा दिइएको थियो । “अब यदि तिमीहरुले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, समस्त जातिहरुमध्ये तिमीहरुचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौं । सारा पृथ्वी मेरै भए तापनि तिमीहरु मेरो निम्ति पूजाहारीहरुको एक राज्य र एक पवित्र जाति हुनेछौं । इस्राएलीहरुलाई तैले भन्नुपर्ने कुरा यी नै हुन्” (प्रस्थान १९:५-६) । परमेश्वरले इस्राएलका मानिसहरुलाई विशेष प्रतिज्ञाहरु दिनुभएको कुरालाई ध्यान दिनुहोस् । तिनीहरुले उहाँका वाणीलाई पालना गर्‍यो भने उहाँले तिनीहरुलाई अरु भन्दा एउटा बहुमूल्य धन बनाउनुहुनेछ भनी प्रतिज्ञा गर्नुभयो, यो होशियारपूर्वक रक्षा गर्ने धन हो । यसको मतलब तिनीहरुले परमेश्वरको विशेष आशिष र हेरचाहको आनन्द उठाउनेछन् । सबै मानिसहरुले उत्सुकतासाथ यो करारलाई स्वीकार गरे । “सारा मानिसहरुले एकसाथ यसो भने, ‘परमप्रभुले भन्नुभएका सबै कुराहरु हामी पालन गर्नेछौं” (प्रस्थान १९:८) । यस करारलाई इस्राएलका सन्तानहरुले खुशीकासाथ स्वीकार गरे तापनि, इतिहास भरि हामी देख्छौ कि इस्राएलीहरुले परमेश्वरसँग गरेको वाचालाई बारम्बार तोडेका थिए ।

इस्राएलीले व्यवस्था प्राप्त गरेपछि तिनीहरु नयाँ राष्ट्रको रुपमा चिनिए । हरेक राष्ट्रलाई कानुन चाहिन्छ, र परमेश्वरले तिनीहरुलाई व्यवस्था दिनुभयो जसद्धारा तिनीहरु जिउन सक्थे । मोशालाई दिइएको व्यवस्थामा आत्मिक र अस्थायी नियमहरु पनि सम्लग्न थिए । अर्को शब्दमा भन्ने हो भने, व्यवस्थामा तिनीहरुले परमेश्वरको सेवा/आराधना गर्ने मार्ग निर्देशनहरुका साथै एक-अर्काको सम्बन्धलाई नियन्त्रण गर्ने नियमहरु पनि समलग्न थिए । यी नियमहरुमा दश आज्ञाका साथै अरु धेरै उप-नियमहरु पनि थिए, जस्तै

पूजाहारीको लागि निर्देशनहरु, बलिदानहरु, आदि । यी नियमहरु यहूदीहरुलाई मात्र दिइएको थियो, अन्यजातिहरुलाई होइन् ।

परमेश्वरले मोशाको व्यवस्था सधैंभरको लागि दिन चाहनुभएको थिएन् भन्ने कुरा हामीले मनमा राख्नु पर्छ। परमेश्वरले यर्मियाका लेखहरुद्धारा भन्नुभयो, “ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु” (यर्मिया ३१:३१) । नयाँ करारको स्थापना हुँदा, यसले स्वचालित रुपमा पुरानो करारलाई प्रतिस्थापित गर्दछ । नयाँ करार पुरानो करारमा थपिएको मात्र छैन । पुरानो करारलाई प्रतिस्थापन गर्ने हिसाबले संरचना गरिएको थियो । नयाँ करार ख्रीष्टको व्यवस्था हो । यो करार उहाँले क्रुसको मृत्युद्धारा स्थापना गर्नुभयो ।

## मोशाको व्यवस्थाका उद्देश्यहरु

केही क्षणको लागि मोशाको व्यवस्थाका उद्देश्यहरुलाई विचार गरौं । मानिसहरु प्रायः आश्चर्यचकित हुन्छन् कि किन परमेश्वरले हामीलाई व्यवस्था मात्र दिनुभएन; प्रारम्भिक रुपमा सबै मानिसहरु त्यसद्धारा बाँचेको होस् भनी उहाँले चाहना गर्नु भयो । किन एउटा व्यवस्था दिएर अर्कोसित पुर्नस्थापन गर्ने?

व्यवस्थाको एउटा उद्देश्य पापको गम्भीरतालाई थाहा दिनु थियो । मानिसमा पापको गम्भीरता घटाउने प्रवृति हुन्छ । पाप हाम्रो वरपर भएको हुनाले, यो हामीलाई ठूलो कुरा जस्तो लाग्दैन, विशेष गरी केही “साना” पापहरु जसरी हामी कहिलेकाहीं सोच्दछौं । कुनै पनि पापसँग पवित्र परमेश्वरको संगति वा सम्बध हुन सक्दैन् । अगमवक्ता हबकूकले यो बुझेको थियो । उनले हबकूब १:१३ मा यसो लेख्दछ, “तपाईको दृष्टि यति शुद्ध छ, कि तपाई दुष्ट कुरा हेर्न सक्नुहुन्न ।” यसरी व्यवस्थाको एउटा उद्देश्य भनेको मानिसलाई पाप के हो र यसको गम्भीरता बुझ्नको लागि मद्यत गर्नु थियो । पावलले रोमी ३:२० मा यसरी लेख्दछ, “यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्धारा नै पापको चेतना हुन्छ ।” अझै उनी रोमी ७:७ मा थप लेख्दछ, “यदि व्यवस्था नभए मैले पाप थाहा पाउनेथिइनँ, किनकि ‘तैले लोभ नगर’ भनी व्यवस्थाले नभनेको भए लोभ गर्नु के हो सो थाहा पाउने थिइँन ।”

व्यवस्थाको अर्को उद्देश्य भनेको मानिसहरुलाई ख्रीष्टमा ल्याउनु थियो । येशू ख्रीष्टको आगमनको निम्ति मानिसहरु र राष्ट्रलाई तयार गर्न व्यवस्थाको संरचना गरिएको थियो । ख्रीष्टले सबै मानिसहरुमा मुक्ति ल्याउन सक्नुहुन्छ । "विश्वासद्धारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो । तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं" (गलाती ३:२४,२५) । शिक्षक त्यो हो जसले बच्चाहरुलाई सही सिकाउने विद्यालयमा लैजान्छ । बच्चाहरुमाथि उनको अधिकार अस्थायी हुन्छ । हामीलाई मुख्य शिक्षक येशूकहाँ ल्याउनको लागि पुरानो करारको संरचना गरिएको थियो । यो विचारलाई रोमी १०:४ मा थप व्याख्या गरिएको छ, जहाँ पावलले यसरी लेखेको छ, "किनभने विश्वास गर्ने धर्मी ठहरिओस् भनेर ख्रीष्ट नै व्यवस्थाको अन्त्य हुनुहुन्छ ।"

आउने राम्रो चीजहरुको छायाको रुपमा व्यवस्थालाई संरचना गरिएको थियो । व्यवस्थाको अन्तिम उद्देश्य यही थियो । हिब्रूको पुस्तकले विशेष गरी यो विचारलाई बाहिर प्रकट गरेको छ । "किनभने व्यवस्था अब आउने उत्तम कुराहरुको खास रुप होइन, तर तिनको छाया मात्र हो । यसकारण सालिन्दै नित्य चढाइने त्यही किसिमको बलिहरुद्धारा नजिक आउनेहरुलाई यसले सिद्ध पार्न सक्दैन्" (हिब्रू १०:१) । छाया भनेको रुखको छाया जस्तै हो । यसले वास्तविक कुराको मधुरो रुपरेखा प्रदान गर्दछ । तर वास्तविक चीजको तुलनामा एकदमै कम हुन्छ । यसरी, मानिसहरुका पापको लागि रगतको बलिदान चढाउन ख्रीष्टको सिद्ध बलिदानको आवश्यकताबारे शिक्षा दिनको लागि व्यवस्था संरचना गरिएको थियो । पुरानो करारका पूजाहारीहरुले स्वर्गीय वास्तविकताको प्रतिलिपि वा छायाको मात्र सेवा गरे ।

ख्रीष्टलाई ग्रहण गर्न, मानिसलाई तयार पार्न, उहाँको आगमनको उद्देश्य र हामीलाई किन पहिलो स्थानमा मुक्तिदाता चाहिन्छ भनी उत्तम तवरले बुझाउनको लागि व्यवस्था संरचना गरिएको थियो । अर्को पाठमा हामी येशू ख्रीष्टको आगमनसँगै परमेश्वरले मानिससँग स्थापना गर्नुभएको करारलाई हेर्नेछौं ।

नाम.............................................................भर्ना नम्बर.................

## प्रश्नहरु

(१) परमेश्वरले इस्राएलका सन्तानहरुलाई के प्रतिज्ञा गर्नुभयो?

(२) मोशाको व्यवस्था कसलाई दिइएको थियो?

(३) परमेश्वर र पाप बीचको सम्बन्ध के हो?

(४) शिक्षक भनेको के हो?

(५) छाया के हो?

## सही/गलत

(१) इस्राएलका सन्तानहरु परमेश्वरको करारलाई स्वीकार गर्न हिचकियाउँदै थिए । सही/गलत

(२) मोशाको व्यवस्था सधैभरि रहनेछ भन्ने परमेश्वरको इच्छा थियो । सही/गलत

(३) मानिसमा पापको गम्भीरतालाई प्रभाव पार्नु मोशाको व्यवस्थाको एउटा उद्देश्य थियो । सही/गलत

(४) सिद्ध बलिदानको आवश्यकता छ भनी मानिसहरुलाई शिक्षा दिनु मोशाको व्यस्थाको एउटा उद्देश्य थियो । सही/गलत

(५) पुरानो करारको बलिदानहरुले पापको क्षमा ल्याउन सक्छ । सही/गलत

३

# ख्रीष्टको व्यवस्था

व्यवस्थाको उद्देश्य थियो भनी हामीले याद गरेका छौं । एक पल्ट त्यसको उद्देश्य पूरा भएपछि, त्यसको बिति जाने समय हुन्छ । मत्ती ५:१७-१८ मा येशूले भन्नुभयो, "व्यवस्था अथवा अगमवक्ताहरुलाई रद्द गर्न म आएको भन्ने नसम्झ । म ती रद्द गर्न होइन, तर पूरा गर्न आएँ । किनभने साँच्चै म तिमीहरुलाई भन्दछु, जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन तबसम्म सबै कुरा पूर्ण नभई कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन ।" येशू केवल व्यवस्था पूरा गर्न आउनु भएको थियो, यसलाई हटाउन होइनन् भनी धेरैले येशूको शब्दहरुको अर्थलाई बङ्ग्याउन खोज्छन् । कुनै कुराले आफ्नो उद्देश्य पूरा गरेको छ भने त्यसलाई किन वरपर राख्ने? येशूले के भन्नुभयो ध्यान दिनुहोस् । उहाँ व्यवस्था पूरा गर्न आउनुभयो र व्यवस्था पूरा नभएसम्म कुनै पनि व्यवस्था नबित्ने बताउनुभयो । यो एक पटक पूरा भएपछि यो बितेर जानेछ भन्ने यसको अर्थ हुन्छ । एकचोटि उहाँले व्यवस्थालाई पूर्ण रुपमा क्रूसद्वारा पूरा गर्नुभयो । यसरी व्यवस्था बितेर गएको छ । "अब सिद्धियो" भनी येशू आफु मर्नु भन्दा अघि उहाँले सामान्य शब्दहरुमा उच्चारण गर्नुभयो (यूहन्ना १९:३०) । येशूले गर्न आउनुभएका सबै कामहरु पूरा गर्नुभयो: व्यवस्थालाई पूरा गर्नुभयो, मानिसको निम्ति पापको बलिदान गर्नुभयो, नयाँ र उत्तम करारलाई स्थापना गर्नुभयो ।

हामीसँग नयाँ करार भएकोले, पुरानो व्यवस्था बेकारको छ भनी हामीले ठान्नु हुँदैन । पुरानो करारले हामीलाई निरन्तररुपमा केही अर्तीहरु दिइरहेका हुन्छन् । पावलले रोमी १५:४ मा लेखेका थिए, "अघि अघि लेखिएका कुराहरु हाम्रो शिक्षाको निम्ति लेखिएका थिए, यस उद्देश्यले कि पवित्र-शास्त्रबाट आउने स्थिरता र उत्साहद्वारा हामी आशा प्राप्त गर्न सकौं ।"

पुरानो करारले हामीलाई परमेश्वर, पाप, ख्रीष्टको आगमन, बलिदान लगायत अरु धेरै कुराहरुका बारेमा सिकाउँछन, जसरी धेरै वर्ष पहिले यहूदीहरुलाई सिकाउन सक्षम भएको थियो । पुरानो नियमबिना हामी नयाँ नियमका धेरै भागहरुलाई बुझ्न सक्दैनौं । त्यसैले यो अझै पनि अध्ययन गर्न उपयोगी छ । तर यसले अब हामीलाई के गर्छ भन्ने कुरा र परमेश्वरको सेवामा अभ्यास गर्ने अधिकार प्रदान गर्दैन । अब हामी पुरानो व्यवस्था अन्तर्गत बाँचिरहेका छैनौं किनभने त्यो पुरानो करारको अंश थियो ।

येशू नयाँ र उत्तम करारलाई स्थापना गर्न आउनुभयो । येशू क्रूसमा मर्नुहुँदा उहाँले पुरानो व्यवस्थालाई क्रूसमा टाँग्नुभयो (कलस्सी २:१४) । त्यही समयमा उहाँले नयाँ व्यवस्था स्थापना गर्नुभयो । “किनकि जहाँ इच्छापत्रको प्रश्न छ त्यहाँ इच्छापत्र लेख्नेको मृत्यु भएको प्रमाणित हुनुपर्दछ । उसको मृत्यु भएपछि मात्र इच्छापत्र पक्का हुन्छ, किनकि इच्छापत्र दिने बाँचुञ्जेल त्यो पक्का ठहरिदैन । यसकारण पहिलो करार पनि रगतविना पक्का हुन सकेन” (हिब्रू ९:१६–१८) । हिब्रू लेखकले ख्रीष्टको मृत्युको आवश्यकतालाई देखाउन उदाहरण प्रयोग गरेको छ । उनको मृत्यु भएपछि उनको भौतिक सम्पति कसरी बाँडफाँड गर्ने भन्ने निर्णय गर्दै मानिसले प्रायः इच्छापत्र वा वसीयतनामा बनाउँछ । तर, उसको मृत्यु नभएसम्म त्यो इच्छापत्रको कुनै मूल्य हुँदैन । आफूले चाहेका परिवर्तनहरु गर्न ऊ स्वतन्त्र हुन्छन् । पछिको करारले अघिल्लो इच्छापत्रको प्रावधानहरु रद्द गर्दछ । त्यसरी नै, ख्रीष्टको नयाँ करारले वसीयतकर्त्ता येशूको मृत्यु नभएसम्म प्रभाव पारेनन् । उहाँले आफ्नो नयाँ करारलाई लागु गराउन रगत बगाउनुभयो, जसरी मोशाको व्यवस्था पशुहरुको रगतद्धारा समर्पित थियो । यसकारण, उहाँले क्रूसमा पुरानो करारलाई प्रतिस्थापन गरेर नयाँ करार स्थापित गर्नु भयो । येशू उत्तम करारको सुनिश्चिता वा प्रत्याभूति हुनुभयो (हिब्रू ८:२२) ।

नयाँ करार पुरानो करारमा मात्र थपिएको थिएन; यसलाई प्रतिस्थापित गऱ्यो । यहाँ नयाँ करार छ भन्ने तथ्यले पुरानो करार बितिसकेको संकेत गर्दछ । यसमा उहाँले भन्नुभयो, “यस करारलाई ‘नयाँ’ भन्नुभएकोले नै पहिलालाई उहाँले पुरानो तुल्याउनुभयो । र जुनचाहिँ पुरानो भएर थोत्रो हुँदै जान्छ, त्यो लोप भएर जानेछ” (हिब्रू ८:१३) । “दोस्रोलाई स्थापित

गर्न पहिलोचाहिँ उहाँले खारिज गर्नुहुन्छ" (हिब्रू १०:९) ।

हामीले दुबै करारलाई पालना गर्न सक्दैनौं । अघिल्लो पाठमा उल्लेख गरेझैं, अब हामी ख्रीष्टमा विश्वासको अधीनमा छौं, हामी अब शिक्षकको अधीनमा छैनौं, जुन पुरानो व्यवस्था थियो (गलाती ३:२५), न त हामी फर्केर नै जानु पर्छ वा पुरानोमा नयाँ जोड्नु पर्छ । पावलले गलाती ५:४ मा लेखेका छन्, "तिमीहरु जो व्यवस्थाद्धारा धर्मी ठहरिन चाहन्छौ, तिमीहरु ख्रीष्टबाट अलग्ग भएका छौ । तिमीहरु अनुग्रहबाट तल खसेका छौ ।" हामी अनुग्रहद्धारा धर्मी ठहरिएका छौं (एफिसी २:८) । तैपनि हामी पुरानो व्यवस्थालाई पालना गर्ने प्रयास गर्छौं भने हामी अनुग्रहबाट पतन भएका छौं भनी पावल स्पष्ट रुपमा भन्दछ । यसकारण, हामी मध्ये जो कोही पनि बचाउन सक्ने एउटै उत्तम तरिका गुमाउन सक्छौं । कसैले अपेक्षा गरे जस्तै, यो नयाँ व्यवस्था धेरै गौरवशाली छ र पुरानोमा भन्दा धेरै उत्तम प्रावधानहरु छन् । मोशालाई व्यवस्था दिंदा यो यति महिमित थियो कि इस्राएलका सन्तानहरुले महिमाको कारणले उसको अनुहार पनि हेर्न सकेनन् (२ कोरिन्थी ३:७) । "किनकि यदि बितेको कुरा महिमापूर्ण थियो भने, बाँकी रहेको कुरा धेरै महिमापूर्ण छ ।" यस सन्दर्भमा, जुन बितेको छ त्यो ढुङ्गाहरुमा लेखिएको सेवाकाई थियो, त्यसमा दश आज्ञाहरु थिए । पावलले एफिसी २:१५ मा थप घोषणा गर्दछ, "र उहाँले व्यवस्थालाई त्यसका आज्ञाहरु र धार्मिक-विधानहरुसमेत आफ्नै शरीरमा खारेज गर्नुभएको छ, कि यी दुईका सट्टामा उहाँले आफैलाई एउटा नयाँ मानिस सृष्टि गरुन्, र यसरी शान्ति स्थापना होस् ।" ध्यान दिनुहोस् कि दुबै खण्डहरुले स्पष्ट रुपमा भनेको छ कि पुरानो व्यवस्था बितिसकेको छ वा खारेज भएको छ, र यसमा दश आज्ञाहरु पनि थियो ।

त्यसो भए किन परमेश्वरले त्रुटिपूर्ण कमजोर व्यवस्था दिनुभयो, अर्थात, आवश्यक पर्ने कुराहरु, पापको क्षमा प्रदान नगर्ने कुरा दिनुभयो? व्यवस्था साँच्चै दोषपूर्ण थिएन । जुन कुराको निम्ति यसलाई संरचना गरिएको थियो, व्यवस्थाले त्यही गरे । पापको चेतना ल्याई मानिसहरुलाई ख्रीष्टमा ल्याउनु थियो, जसले जीवन दिन सक्नुहुन्छ । समस्या व्यवस्थामा थिएन । समस्या मानिसहरुको कमजोरी र पापमा थियो, जसले व्यवस्थालाई राम्रोसँग पालन गर्न सकेनन् ।

पुरानो व्यवस्था हटाइसकेको हुनाले आज हामीले अभ्यास गर्ने धर्मको अधिकारको निम्ति पुरानो व्यवस्थाको प्रावधानहरुमा फर्कनु पर्दैन् । दश आज्ञा सहित अरु कुनै पनि पुरानो व्यवस्था शक्ति र अधिकारमा छैन् । यसको मतलब आज हाम्रा कुनै पनि धार्मिक अभ्यासहरुमा पुरानो करारको कुनै अधिकार छैन, किनकि पुरानो नियमले इस्रायलीहरुलाई मात्र अधिकार गरेको थियो । यसमा पूजारीत्व, दशांश दिने, शबाथ दिनको पालना गर्ने र वाद्य संगीत जस्ता अरु धेरै कुराहरु समावेश थियो । त्यसैले आज पशुबलि चढाइँदैन । हामीले नयाँ करारमा ल्याउन चाहने कुनै आज्ञाहरु छनौट गर्न सक्दैनौं । वास्तवमा, हामीले व्यवस्थाका एउटा आज्ञालाई पालना गर्छौं भने हामी सम्पूर्ण व्यवस्था पालन गर्न बाध्य हुन्छौं (गलाती ५:३) । हामीले पुरानो व्यवस्थालाई कायम गर्न खोज्नु हुँदैन, किनकि नयाँ व्यवस्था सर्वश्रेष्ठ छ । अर्को पाठमा हामी ती मध्ये नयाँ करारका केही सर्वश्रेष्ठताहरुबारे छलफल गर्नेछौं ।

नाम.........................................................भर्ना नम्बर...................

## प्रश्नहरु

(१) व्यवस्था बितेर जानेछ भनेर येशूले कहिले भन्नुभयो?

(२) येशूले "यो सिद्धियो" भन्नुको अर्थ के लगाउनु भएको छ?

(३) व्यक्तिको इच्छा कहिले लागु हुन्छ?

(४) येशूको इच्छा कहिले लागु भयो?

(५) मोशाको व्यवस्था कतिको महिमापूर्ण थियो?

(६) पुरानो नियममा मात्र पाइने आजका केही सामान्य धार्मिक अभ्यासहरुका नाम दिनुहोस् ।

(७) पुरानो करारको अधिनमा गरिएको भन्दा नयाँ करारमा हामीले फरक तरिकाले गर्ने केही कुराहरु सूचीबद्ध गर्नुहोस् ।

# सही/गलत

(१) हामी पुरानो व्यवस्थाको अधिनमा बाँचिरहेका छैनौं, त्यो व्यवस्था आज हाम्रो लागि कम मूल्यवान छ । सही/गलत

(२) क्रूसमा नयाँ करारले पुरानो करारलाई प्रतिस्थापन गऱ्यो ।
सही/गलत

(३) नयाँ करार छ भन्ने तथ्यले पुरानो बितिसकेको संकेत गर्दछ ।
सही/गलत

(४) दश आज्ञाहरु क्रूसमा बितिसकेको व्यवस्थाको अंश थिएनन् ।
सही/गलत

(५) पुरानो व्यवस्थामा एउटै मात्र गलत कुरा थियो कि मानिस कमजोर थियो र व्यवस्थालाई पालन गर्न सकेन् । सही/गलत

❃

४

# नयाँ करारको सर्वश्रेष्ठता

पुरानो करारभन्दा नयाँ करार उत्तम र उच्च छ भन्ने कुरालाई विभिन्न तरिकाहरुबाट प्रस्तुत गर्न सक्छौं । हामी ती सबैलाई पूर्ण रुपमा छलफल गर्न सक्षम छैनौं । हिब्रू लेखकले यस विषयमा राम्रो छलफल गरेको छ । उनले उल्लेख गरेका केही भिन्नताहरुलाई हेर्नेछौं ।

## उत्तम पूजाहारीपन

पुरानो करारमा मानिसको तर्फबाट बलिदानहरु चढाउनको निम्ति पूजाहारीको व्यवस्था गरेको थियो । मानिसलाई प्रत्यक्षरुपमा परमेश्वरको नजिक जान अनुमति दिइएन् । तिनीहरुले आफ्ना बलिदान र भेटीहरु पूजाहारीकहाँ ल्याउनु पर्थ्यो । मानिसहरुले ल्याएका बलिदान पूजाहारीहरुले परमेश्वरकहाँ चढाउने गर्थ्यो । यी पूजाहारीहरु लेवी कुलबाट हुनुपर्थ्यो । हारुनको जेठो सन्तानबाट प्रधान पूजाहारी नियुक्त गरिएको थियो । पूजाहारीहरु पनि साधारण मानिसहरु नै थिए । तिनीहरुमा पनि आफ्ना कमजोरी र असफलताहरु थिए । हामी हिब्रू ५ः२-३ मा पढ्न पाउछौं कि "अजान र कुबाटोतिर लागेकाहरुसँग तिनले नम्रतासाथ व्यवहार गर्न सक्तछ, किनभने तिनी आफै पनि दुर्बलताले घेरिएको हुन्छ, यसैकारण मानिसहरुका पापको निम्ति मात्र होइन्, तर आफ्नै पापको निम्ति पनि बलिदान चढाउन तिनलाई कर लाग्छ ।" अरु सबैजस्तै पूजाहारी पनि पाप स्वभावका मानिस भएकोले उसले पहिले आफ्नो लागि बलिदान चढाउनुपर्थ्यो, त्यसपछि अरुको लागि बलिदान चढाउथ्यो ।

नयाँ करार अन्तर्गत हामीसँग उच्च प्रधान पूजाहारी येशू ख्रीष्ट हुनुहुन्छ । "आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान्

प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं । किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न् । तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो । यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं" (हिब्रू ४:१४-१६) । हामीसँग एक जना प्रधान पूजाहारी हुनुहुन्छ जसले हाम्रा कमजोरीहरुप्रति सहानुभूति देखाउनुहुन्छ । किनभने उहाँ मानिस हुनुभयो र हामी जस्तै परीक्षामा पर्नुभयो । यद्यपि, उहाँले कहिल्यै प्रलोभनको सामना गर्नुभएन; उहाँले कहिल्यै पाप गर्नुभएन् । "उहाँ पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरुबाट अलग, स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ । अरु प्रधान पूजाहारीहरुले जस्तै पहिले आफ्नै पापको निम्ति उहाँले दिनहुँ बलिदान चढाइ रहनुपर्दैन । आफैलाई अर्पण गरेर उहाँले यो काम सधैको निम्ति एकै पल्टमा पूरा गरिदिनुभयो" (हिब्रू ७:२६,२७) । यसरी, उहाँको पूजाहारीत्व पुरानो करारको पूजाहारीभन्दा धेरै उच्च छ ।

## उत्तम प्रतिज्ञाहरु

नयाँ करार आन्तरिक र आत्मिक छ । "तिनीहरुका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरुका हृदयमा त्यो लेखिदिनेछु" (हिब्रू ८:१०) । पुरानो करार ढुङ्गाका पाटीहरुमा लेखिएको थियो, तर नयाँ करार हाम्रो हृद्धयमा लेखिएको छ । यसको मतलब यो होइन कि परमेश्वरले आफ्ना वचन सीधै हाम्रो हृदयमा राख्नुहुन्छ । ज्ञान अध्ययन र सिकाइबाट आउँछ । "अनि ती सबै जना अगमवक्ताहरुका पुस्तकमा लेखिएको छ । प्रत्येक जसले पिताबाट सुन्छ र सिक्छ त्यो मकहाँ आउँछ" (यूहन्ना ६:४५) । हामी परमेश्वरको वचन सुन्ने र सिक्ने कुराहरुमा निरन्तरता दिनुपर्छ । तर अहिले यो वचन हाम्रो हृदयमा लेखिएको छ । पुरानो करार अन्तर्गत, कोही व्यक्ति शारीरिक रुपमा यसको प्रावधानहरुको अधीनमा जन्मिएको हुन्थ्यो । त्यसपछि उसलाई परमेश्वरको बारेमा सिकाइन्थ्यो । मानिसले अहिले आफ्नो हृदयबाट परमेश्वरलाई बुझ्छन् र समर्पण गर्छन् । त्यसपछि उ परमेश्वरको राज्यको अधिनमा हुन्छ । परमेश्वरको वचन हृदयमा नलेखिएसम्म यो शक्तिहीन हुन्छ ।

अब, हामीले परमेश्वरसँग घनिष्ट सम्बन्ध राखेका छौं । "म तिनीहरुका परमेश्वर हुनेछु, अनि तिनीहरु मेरा प्रजा हुनेछन्" (हिब्रू ८:१०) । यी वचनहरु नयाँ होइनन्, किनकि तिनीहरु लेवी २६:१२ मा पनि पाइन्छन् । जे होस्, यसको अब पूर्णता छ । पुरानो कराररले वास्तवमा परमेश्वर र उहाँका जनहरु बीच ठूलो दूरी राख्दछ । यो मन्दिरको पर्दा र पूजाहारीद्धारा चित्रण गरिएको थियो । अब सबैले सीधै परमेश्वरसँग सम्पर्क गर्न सक्छन् । सबै देशका सबै ख्रीष्टियानहरु पुरानो नियमका पूजाहारीहरु समान छन् । "प्रभु नजिकै हुनुहुन्छ" (फिलिप्पी ४:५) । हामी "समझले नै भियाउन नसकिने परमेश्वरको शान्ति पाउन सक्छौं " (फिलिप्पी ४:७) ।

"परमप्रभुलाई चिन भनेर अब उसो कुनै मानिसले आफ्नो छिमेकीलाई वा आफ्ना दाजुभाइलाई सिकाउनेछैन । किनकि सानादेखि लिएर ठूलासम्म तिनीहरु सबैले मलाई चिन्नेछन्" (हिब्रू ८:११) । मैले अघि नै भने कि पुरानो करारमा मानिसहरु शरीरबाट जन्मिएको हुन्थ्यो । पछि उसलाई करारमा सर्तहरु सिकाइनेछ । धेरैको लागि, यो व्यक्तिगत प्रतिबद्धता भन्दा पारिवारिक वा राष्ट्रिय प्रचलन थियो । धेरैले सिकेनन्, न त परमेश्वरको शिक्षालाई मनमा लिए । नयाँ करारमा हामी प्रवेश गर्नु अघि आत्मिक रुपमा जन्मेर परमेश्वरलाई चिन्दछौं (यूहन्ना ३:३,५) । नयाँ करार सबै देशका सबै जातिहरुका लागि उपलब्ध छ, जबकि पुरानो करार केवल इस्राएलीहरुलाई मात्र सिमित थियो ।

## उत्तम बलिदान

"किनकि तिनीहरुका अपराधहरु म क्षमा गर्नेछु, र तिनीहरुका पाप फेरि कहिल्यै सम्झनेछैनँ" (हिब्रू ८:१२) । साँचो क्षमा एउटा महत्वपूर्ण बिषय हो जुन पुरानो करारमा अभाव थियो । किनकि साँढे र बोकाहरुको रगतले पाप हरण गर्न असम्भव छ (हिब्रू १०:४) । पुरानो बलिदानहरुको रगतले संसारको पाप लैजानुहुने परमेश्वरको थुमालाई औंल्याउँछ (यूहन्ना १:२९) । पुरानो नियमको बलिदानहरुले पापहरुको "सम्झना" ल्यायो, पापको पूर्ण क्षमा होइन् (हिब्रू १०:३) । तथापि, ख्रीष्टमा परमेश्वरले हाम्रा पापहरु सम्झनुहुन्न् । येशू आफै सिद्ध बलिदान हुनुभयो । "यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप

बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरुका उद्धारका निम्ति" (हिब्रू ९:२८) । यही इच्छाबाट येशू ख्रीष्टको शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं (हिब्रू १०:१०) । येशूले सबै मानिस र सबै उमेरका लागि एउटै बलिदान दिनुभयो । पुरानो करारको पशु बलिको रुपमा यसलाई बारम्बार दोहोऱ्याउनु पर्दैन् ।

## निष्कर्ष

पुरानो करारमा भन्दा नयाँ करारमा धेरै फाइदाहरु छन् भनी हामी देख्छौं । त्यहाँ अरु पनि धेरै छन् जुन उल्लेख गर्न सकिन्छ । ख्रीष्ट साँच्चै उत्तम करारको मध्यस्थ हुनुहुन्छ भनी देखाउनको लागि यो पर्याप्त छ । हामी नयाँ करारका सदस्य हौं भन्ने कुरामा सुनिश्चित हुनुपर्छ । यो करारको सम्बन्धलाई अरु कुनै कुराले नत्याऔं । नयाँ करारमा प्रवेश गर्ने सर्तहरु सरल छन्: ख्रीष्टमा विश्वास गर्ने (यूहन्ना २०:३०,३१) र त्यो विश्वासलाई स्वीकार गर्ने (रोमी १०:९-१०), हाम्रा पापहरुको पश्चात्ताप गर्ने र पाप क्षमाको लागि ख्रीष्टमा बप्तिस्मा लिनु हो (प्रेरित २:३६-३९) ।

**नाम.................................................................भर्ना नम्बर..................**

## प्रश्नहरु

(१) पुरानो करार अन्तर्गत पूजाहारीहरु कुन कुलबाट आएका थिए?

(२) पुरानो करार अन्तर्गतका पूजाहारीहरु भन्दा येशू किन उत्तम प्रधान पूजाहारी हुनुहुन्छ?

(३) परमेश्वरको वचन अब उहाँका मानिसहरुको...................................... र...............................................लेखिएको छ ।

(४) पुरानो करारको पशुबलिले केलाई औल्यायो?

(५) आज हामी के द्वारा पवित्र भएका छौं?

# सही/गलत

(१) पुरानो करारका पूजाहारीहरु सर्वश्रेष्ठ थिए किनभने तिनीहरु हामी जस्तै थिए । सही/गलत

(२) येशूले हाम्रा कमजोरीहरुप्रति सहानुभूति देखाउन सक्नुहुन्छ, किनभने उहाँले हामी जस्तै जीवन जिउनुभयो । सही/गलत

(३) नयाँ करार मुख्यतया भित्री र आत्मिक हो । सही/गलत

(४) पुरानो करारको हिस्सा बन्ने एउटै तरिका भनेको शारीरिक रुपमा यसमा जन्मनु थियो । सही/गलत

(५) नयाँ करार अन्तर्गत हामी परमेश्वरलाई चिन्छौं र हामी करारको हिस्सा बन्नु अघि आत्मिक रुपमा जन्मेका छौं । सही/गलत

# दुई करारको तुलना

| | |
|---|---|
| पहिलो- हिब्रू १०:९ | दोस्रो- हिब्रू १०:९ |
| पुरानो- हिब्रू ८:१३ | नयाँ- हिब्रू ८:१३; ९:१५ |
| पृथ्वीमा प्रधान पूजाहारी- हिब्रू ५:१; ७:२३ | "स्वर्गमा" प्रधान पूजाहारी- हिब्रू ८:१ |
| लेवी कूलबाट पूजाहारीहरु- हिब्रू ७:११ | यहूदा कूलबाट प्रधान पूजाहारी- हिब्रू ७:१३-१४ |
| पूजाहारीहरु मरेर गए- हिब्रू ७:२३ | प्रधान पूजाहारी सधैंभरि बाँच्छन्- हिब्रू ७:२४ |
| व्यवस्था दिने: मोशा- मलाकी ४:४ | व्यवस्था दिने: येशू ख्रीष्ट- याकूब ४:१२ |
| मध्यस्थकर्त्ता: मोशा- प्रस्थान २०:१९ | मध्यस्थकर्त्ता: येशू ख्रीष्ट- हिब्रू ९:१५; १२:२४ |
| कमजोर करार- हिब्रू ८:७ | उत्तम करार- हिब्रू ८:६ |
| कमजोर प्रतिज्ञाहरु- हिब्रू ८:६ | उत्तम प्रतिज्ञाहरु- हिब्रू ८:६ |
| अपूर्ण, निरन्तर बलिदानहरु- हिब्रू ९:९; १०:१-४ | एउटा सिद्ध बलिदान- हिब्रू ९:१२ |
| पशूको रगत- हिब्रू १०:४ | ख्रीष्टको रगत- हिब्रू ९:१२ |
| पापको क्षमा थिएन- हिब्रू १०:४,११ | पापको क्षमा छ- हिब्रू ९:१५; प्रेरित १३:२८ |
| पशुको रगतले समर्पित- हिब्रू ९:१९ | ख्रीष्टको रगतले समर्पित- हिब्रू ९:१८-२८ |

| | |
|---|---|
| पापको अन्तस्करण- हिब्रू १०:१-३ | पाप अन्तस्करणको शुद्धता- हिब्रू ९:१४; १ पत्रुस ३:२१ |
| परमेश्वरको अगाडि साहस छैन, | परमेश्वरको अगाडि साहस- हिब्रू १०:१९ |
| एउटा राष्ट्रको लागि- मलाकी ४:४ | सबै राष्ट्रहरुका लागि- मत्ती २८:१९-२० |
| अस्थायी करार- गलाती ३:१९ | स्थायी करार- गलाती १:६-९ |
| भौतिक- हिब्रू ९:१० | आत्मिक- यूहन्ना ४:२३-२४ |
| छाया र चित्रहरु- हिब्रू ९:२४; १०:१ | वास्तविकता- ८:१-५ |
| शरीरलाई शुद्ध पार्छ- हिब्रू ९:१३ | आत्मालाई शुद्ध पार्छ- १ पत्रुस १:२२ |
| महिमित- १ कोरिन्थी ३:९-१० | अझ महिमित- १ कोरिन्थी ३:९-१० |
| ढुङ्गामा लेखिएको- १ कोरिन्थी ३:७ | हृदयमा लेखिएको- हिब्रू ८:१० |
| बितेर गए- २ कोरिन्थी ३:११ | बाँकी छ- २ कोरिन्थी ३:११ |
| हटाइयो- हिब्रू १०:९ | स्थापित भयो - हिब्रू १०:९ |
| खारेज गरियो- एफिसी २:१५ | स्थायी- यूहन्ना १२:४८ |
| यसबाट छुटकारा- रोमी ७:६ | एक पल्ट र सधैको लागि दिइयो- यहूदा ३ |
| मेटिएको- कलस्सी २:१४ | जरा गाडेको र बसोबास- कलस्सी १:२३ |

- मानचित्र लुइस रशमोरद्धारा संकलित

५

# दुई महिला र दुई व्यवस्थाहरु

दुईवटा करारलाई पूर्ण रुपमा व्याख्या गर्ने प्रयासमा, पावलले गलाती ४:२१–५:१ मा दुई महिला, हागार र साराको चित्रण गरेका छन् । हामी प्रत्येकले दुई करारको सम्बन्धलाई अझ राम्रोसँग बुझ्न सकौं भनेर यस पाठमा म यो रुपक दृष्टान्तलाई हेर्न चाहन्छु । पहिला, हामीले सन्दर्भ हेर्नु पर्छ । गलातीको पुस्तक यहूदीहरुलाई लेखिएको थियो, जो व्यवस्थाको अधिनमा फर्कने प्रलोभनमा परेका थिए । यहूदीहरुले आफूलाई अब्राहामको शारीरिक सन्तान भएकोमा गर्व गर्थे, र यस कारणले यर्दा, तिनीहरुले परमेश्वरको प्रतिज्ञाहरु र आशिषहरुलाई आफ्नो ठान्थे । यद्यपि पावलले तिनीहरुलाई अब्राहामका दुई छोराहरु थिए भनी सम्झाउँछन् । एउटा प्रतिज्ञाको छोरो थियो, अर्को दास स्त्रीको छोरो थियो । एउटाले आशिर्वाद पाए भने अर्कोले आशिष पाएनन् । तसर्थ, अब्राहामको शारीरिक सन्तान हुनुमा परमेश्वरको आशिषाको कुनै आश्वासन थिएन । यस दृष्टान्तमा, हागारले सीनै पर्वत र त्यहाँ दिइएको व्यवस्थालाई प्रतिनिधित्व गर्दछ, र इश्माएलले पार्थिव यरुशलेमलाई केन्द्र बिन्दु र आराधना गर्ने यहूदी राष्ट्रलाई संकेट गर्दछ । साराले कलभरीबाट लागु गरिएको नयाँ करारलाई प्रतिनिधित्व गर्दछ ।

## जन्म

इश्माएल पूर्ण प्राकृतिक परिस्थितिमा जन्मिएको थियो । अब्राहामले परमेश्वरको शक्तिमा भरोसा नगरी उहाँका प्रतिज्ञाहरु पूरा गर्न खोजेर परमेश्वरलाई मद्दत गर्न खोज्दाको परिणाम इश्माएल थियो । उनको जन्मसँग सम्बन्धित कुनै प्रतिज्ञा थिएन । इस्राएल राष्ट्र शरीरको पुत्र हो, र

तिनका आशिषहरु धेरै हदसम्म भौतिक स्वभावका थिए । एक जना पुरानो करारमा शारीरिक रुपमा जन्मिएको थियो । सदस्यता वंशानुगत मासु र रगतबाट थियो । अर्कोतर्फ, इसहाक अलौकिक सिद्धान्तहरुद्धारा जन्मेको थियो । उनकी आमा अब्राहामकी पत्नी सारा थिइन् । उनको जन्म स्वाभाविक रुपले भएको थियो । तर उनको जन्म सम्भव बनाउको लागि परमेश्वरको हात थियो । उनको जन्म परमेश्वरको प्रतिज्ञा अनुसार भएको थियो । इसहाकका सन्तानहरु ईश्वरीय प्रतिज्ञाहरुका आत्मिक हकदार हुन्, जुन धेरै हदसम्म आत्मिक प्रकृतिका छन् । रोमीको पुस्तकमा, पावलले प्रायः शारीरिक इस्राएल र आत्मिक इस्राएलको बीचमा भिन्नता देखाउनुभयो । इसहाकले आत्मिक इस्राएललाई संकेत गर्दछ, जो नयाँ जन्मको साथ आत्मिक रुपमा जन्मेका छन्, "तिनीहरु रगतद्धारा, शारीरिक इच्छाद्धारा, र कुनै मान्छेको इच्छाद्धारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्" (यूहन्ना १:१३) । निकोदेमस येशूकहाँ आउनुहुँदा उहाँले उनीसँग नयाँ जन्मको बारेमा कुरा गर्नुभयो कि त्यो व्यक्ति पानी र आत्माबाट जन्मनुपर्छ (यूहन्ना ३:३,५) । यसरी, यो जन्म पुरानो करारको शारीरिक जन्मको विपरीत आत्मिक जन्म थियो ।

## जुन अवस्थामा तिनीहरु बाँचेका थिए ।

हागार र इश्माएल दासहरु थिए । तिनीहरुले सिनै पर्वतमा दिइएको व्यवस्थालाई प्रतिनिधित्व गर्दछ, जुन दश आज्ञाहरु हुन् । यो करारलाई जुवा भनियो, जुन तिनीहरुका पिता-पुर्खाहरुले बोक्न सकेनन् । जबसम्म हामी पुरानो करारको अधिनमा रहन्छौं, तबसम्म हामी पाप र यस संसारको दास हुन्छौं ।

सारा र इसहाक स्वतन्त्र थिए । यरुशलेममा दिइएको ख्रीष्टको करारले हामीलाई स्वतन्त्र बनाउँछ । "स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ । यसकारण दह्रा भएर खडा होओ र फेरि दासत्वको जुवामुनि नपर" (गलाती ५:१) । ख्रीष्टमा हामी मोशाको व्यवस्थाबाट स्वतन्त्र छौं, तर ख्रीष्टको व्यवस्थामा बाँधिएका छौं । अब हामी अनुग्रहबाट परमेश्वरको सेवा गर्न स्वतन्त्र भएका छौं । हामी अनुग्रह र विश्वासद्धारा मुक्ति र पापको क्षमा प्राप्त गर्न सक्छौं, जुन पुरानो व्यवस्था अन्तर्गत सम्भव थिएन । स्वतन्त्रताको अर्थ पापबाट स्वतन्त्रता हो, पापको स्वतन्त्रता होइन् ।

## दुई छोराहरुका आत्मा

इश्माएसँग दासत्व, खेदो गर्ने आत्मा थियो । इसहाकको दूध छुटाउँदा, इश्माएलले इसहाकलाई गिल्ला गरेर सताएको थियो । पछिको आत्मिक इस्राएल, मण्डलीको लागि यसको अर्थ थियो । यो मुख्यतया यहूदी राष्ट्र थियो जसले ख्रीष्ट र उहाँको मण्डलीलाई सताएको थियो ।

इसहाक एउटा दुःखी, नम्र र आत्मिक मानिस थिए । ख्रीष्टको मण्डली सुरु हुने बित्तिकै यहूदी अगुवाहरुबाट सताउने कामको सुरुवाट भएको थियो । ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरु सबै जना सतावटमा पर्ने नै छन् (२ तिमोथी ३:१२) । यी यहूदी शिक्षकहरु वास्तवमै तिनीहरुका शत्रुहरु थिए भनी पावलले गलातीहरुलाई देखाउन चाहन्छन् ।

## अन्तमा

इश्माएल उत्तराधिकारी थिएनन् । उनी दासत्वको अंशको हकदार थियो । इश्माएलले इसहाकको खिल्ली उडाइरहँदा साराले देखेकी थिई, त्यसैले उनले अब्राहामलाई हागार र उनको छोराहरु बाहिर निकाल्न राजी गरिन् । इश्माएललाई किन निकालियो? किनभने उसले इसहाकसँग उत्तराधिकार पाउने थिएन् । यसको मतबल पुरानो करारलाई हटाइयो भन्ने अर्थ दिन्छ । इस्रायलीहरुको आशिष भौतिक कनानमा मात्र सीमित थियो । तिनीहरु अनन्त रुपमा बचाउन सक्थे, तर त्यो पुरानो व्यवस्थाको अंश थिएन् । व्यवस्था पालन गरेर मुक्ति आएको होइन् ।

प्रतिज्ञाको छोराको रुपमा इसहाक अब्राहामको सम्पत्तिको एउटा उत्तराधिकारी मात्र थिए । यसले मण्डलीलाई प्रतिनिधित्व गर्छ, जो ख्रीष्टसँग संयुक्त उत्तराधिकारी हो । "र सन्तान हौं भनेता उत्तराधिकारी पनि हौं, परमेश्वरका उत्तराधिकारी र ख्रीष्टसँग साझे–उत्तराधिकारी । उहाँसँग दुःख भोग्छौं भनेता हामी उहाँसँगै महिमित पनि हुनेछौं" (रोमी ८:१७) । जसरी हामी ख्रीष्टियानहरु पापको बन्धनबाट मुक्त भएका छौं । "यसकारण भाइ हो, हामी कमारीका होइनौं, तर स्वतन्त्र स्त्रीका सन्तान

हौं । स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ । यसकारण दह्रा भएर खडा होओ, र फेरि दासत्वको जुवामुनि नपर" (गलाती ४:३१-५:१) । नयाँ करारको आशिषको हिस्सामा पापको क्षमा र अनन्त जीवनको प्रतिज्ञा हो । व्यवस्थाको अधीनमा फर्कनु भनेको बन्धनमा फर्कनु हो ।

## निष्कर्ष

दुईवटा करारहरु छन् । मोशाद्धारा सिनै पर्वतमा दिएको पुरानो करार र ख्रीष्टद्धारा दिइएको नयाँ करार जुन क्रूस पश्चात लागु गरिएको थियो । पुरानोलाई नयाँमा प्रतिस्थापन गरेको छ र पुरानो करारमा फर्कनु अनुग्रहबाट खस्नु हो भन्ने कुरा हामीले देख्यौं (गलाती ५:४) । हामीले दुईवटैलाई सँगै राख्न सक्दैनौं । ख्रीष्ट र उहाँको व्यवस्था, "स्वतन्त्रताको सिद्ध व्यवस्था" (याकूब १:२५) मा कुनै कुरा थप्नु र घटाउनु भनेको त्यो करारसँग सम्बन्धित आशिषहरु गुमाउनु हो ।

**नाम.........................................................................भर्ना नम्बर........................**

## प्रश्नहरु

(१) परमेश्वरका प्रतिज्ञा र आशिषहरु यहूदीहरुका नै हुन् भनेर किन तिनीहरु विश्वस्त थिए?

(२) हागार र इश्माएलले केलाई बुझाउँछ?

(३) यो दृष्टान्तमा इसहाकका सन्तानहरु को हुन्?

(४) ख्रीष्टमा स्वतन्त्र हुनुको अर्थ के हो?

(५) इश्माएललाई बाहिर निकाल्नुको अर्थ के थियो?

# सही/गलत

(१) इसहाकको जन्म प्राकृतिक तवरले भएता पनि यो ईश्वरको अलौकिक शक्तिद्धारा भएको थियो ।   सही/गलत

(२) सुरुवाटमा मण्डलीको सतावट रोमी साम्राज्यबाट भएको थियो   सही/गलत

(३) शारीरिक इस्राएलका आशिषहरु कनान भूमिमा सीमित थियो ।   सही/गलत

(४) इसहाकको आत्मिक सन्तानको रुपमा, ख्रीष्टियानहरु अब ख्रीष्टसँग संयुक्त उत्तराधिकारीहरु हुन् ।   सही/गलत

(५) हामी साँच्चै परमेश्वरका सेवकहरु हौं भने हामीले धेरै सतावट भोग्नुपर्दैन् ।   सही/गलत

६

# नयाँ करारको व्यवहारिक प्रयोगहरु

पुरानो करार हटाइएको हामी देख्छौं । अब हामी नयाँ करारको अधिकारमा बाँचिरहेका छौं । नयाँ करारले हाम्रो जीवनमा कस्तो प्रभाव पार्छ? धेरै धार्मिक विचारहरु जुन सामान्यतया सिकाइन्छ र स्वीकार गरिन्छ, पुरानो करारमा मात्र सिकाइन्छ र नयाँ नियममा त्यसको कुनै आधार छैन । अब हामी यी सामान्य अभ्यासहरु मध्ये केही संक्षिप्त रुपमा हेर्नेछौं ।

## शबाथ दिनको पालना

सेभेन्थ डे एडभेन्टिस्ट मण्डली जस्ता केही धार्मिक समुहहरुले मोशाको दश आज्ञाको चौथो आज्ञा अझै पनि लागु हुन्छ भनी विश्वास गर्छन् । प्रस्थान २०:८-११ मा हामी पढ्छौं, “शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू । छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरुका परमेश्वरको निम्ति शबाथ-दिन हो । त्यसमा तिमीहरुले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् । किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुन्द्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले शबाथ दिनलाई आशिष दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो ।” परमेश्वरले सातौं दिनमा विश्राम लिनुभएको र शबाथलाई सृष्टिको सम्झनाको रुपमा स्थापना गरेको हुनाले आज पनि शबाथ दिनलाई पवित्र राख्नुपर्छ भनी तर्क गर्दछन् ।

शबाथ दिनको आज्ञा ढुङ्गाहरुमा लेखिएको आज्ञाहरु मध्ये एउटा थियो । यो व्यवस्था बित्दैछ भनी पावलले स्पष्ट रुपमा लेखेको थियो । “तर मृत्यु ल्याउने व्यवस्थाका अक्षरहरु ढुङ्गमा खोपिएका थिए । त्यो व्यवस्था यस्तो महिमामय भएर आयो, कि त्यसको तेजले गर्दा इस्रायलीहरुले मोशाको अनुहार हेर्न सकेनन्, यद्यपि त्यो तेज हराउँदै जाँदैथियो । पवित्र आत्माको सेवा कसरी अझ बढी महिमामय नहोला । किनकि जो बितेर गयो त्यो महिमासाथ आएको थियो भने, स्थायी रहनेचाहिँ अझ बढी महिमापूर्ण हुनुपर्छ” (२ कोरिन्थी ३:७,८,११) । शबाथको निम्ति अधिकार बितिसकेको छ । शबाथ दिन मनाउने आज्ञा सीनै पर्वतसम्म दिइएको थिएन्, त्यसबेला सम्म कसैले पनि शबाथ दिन पालन गरेनन् । “तपाई सीनै पर्वतमाथि ओर्लनुभयो र स्वर्गबाट तिनीहरुसित कुरा गर्नुभयो । तपाईले तिनीहरुलाई उचित र साँचो नियम तथा कानून र असल धर्म-विधिहरु तथा आज्ञाहरु दिनुभयो । आफ्ना दास मोशाद्धारा पवित्र शबाथ तिनीहरुलाई अवगत गराउनुभयो, र आफ्नो प्रजालाई आज्ञाहरु, धर्म-विधिहरु र नियमहरु दिनुभयो” (नहेम्याह ९:१३-१४) । नहेम्याहलाई भनेको कुरामा ध्यान दिनुहोस् कि शबाथ-दिनको व्यवस्था केवल इस्राएलका मानिसहरुलाई मोशाले सीनै पर्वतमा अवगत गराएको थियो । आफूलाई थाहा नभएको व्यवस्था कसैले पालन गर्न सक्दैन् । हामीलाई प्रारम्भिक ख्रीष्टियान लेखहरुबाट थाहा छ कि मण्डली हप्ताको पहिलो दिनमा भेला भएर आराधना गर्थे ।

## वाद्य संगीत

अधिकांश धार्मिक समुहहरुले परमेश्वरको आराधनामा बाद्य यन्त्रहरु प्रयोग गर्छन् । नयाँ नियमको आराधनामा उपकरणहरु प्रयोग गर्नको लागि कुनै अधिकार दिएको छैन; त्यसको सट्टामा हामीले गाउने आदेश मात्र पाउँछौं । यो साँचो हो कि पुरानो नियममा बाद्य यन्त्रहरु प्रयोग गर्नको लागि आज्ञा दिइएको थियो। हाम्रो अभ्यासको निम्ति पुरानो नियमलाई आज हामीले अधिकारको रुपमा प्रयोग गर्न सक्दैनौं । प्रकाशको पुस्तकमा तुरही वा वीणा जस्ता बाद्य यन्त्रहरु स्वर्गमा उल्लेख गरिएको छ । तापनि तिनीहरु परमेश्वरको आराधनमा प्रयोग गर्न लागि उल्लेख गरिएको छैन् । यसबाहेक, प्रकाश आलंकारिक र सांकेतिक भाषाको पुस्तक हो । स्वर्ग आफै आत्मिक हो, भौतिक होइन, त्यसकारण आत्मिक ठाउँमा भौतिक साधनहरु कसरी पाइन्छ?

नयाँ नियम हाम्रो अधिकार हो । नयाँ नियमका पुस्तकहरुमा उपकरणहरुका बारेमा कुनै कुरा उल्लेख गरेका छैन । प्रारम्भिक मण्डलीले आराधनामा कहिल्यै पनि बाद्य उपकरणहरु प्रयोग गरेनन् ।

## दशांश

धेरै धार्मिक समुहहरुले आफ्ना सदस्यहरुलाई दशांश दिन आदेश दिन्छन् । दशांश दिने, वा कसैको आम्दानीको दश अंश दिने कुरा पुरानो नियममा आज्ञा गरिएको थियो । “रुखहरुका फल वा जमिनका बीउको होस्, भूमिका उब्जनीको दशांश परमप्रभुकै हो, र ती परमप्रभुको निम्ति पवित्र हुन्” (लेवी २७:३०) । जस्तो तरिकाले इस्राएलीका मानिसहरुले दशांश दिनु पर्‍थ्यो, तिनीहरुले दशांश दिएनन् । । यद्यपि, यो तिनीहरुलाई आदेश दिइएको थियो । इस्रायलीहरुले दिइहाल्यो भने पनि तिनीहरुले दशांशभन्दा बढी दिएका थिए ।

पुरानो नियमको अभ्यासले गर्दा, धेरै समुहहरुले विश्वास गर्छन् कि हामीलाई दशांश दिने आज्ञा पनि दिइएको छ । हामीलाई दिने आज्ञा गरेको छ, तर कहिँ दशांश दिने आज्ञा दिइएको छैन् । “प्रत्येक हप्ताको पहिलो दिन तिमीहरु हरेकले आ–आफ्नो कमाइ अनुसार केही धन छुट्ट्याएर जम्मा गर्दै राख्नू, ताकि म आउँदा भेटी संग्रह गर्नु नपरोस्” (१ कोरिन्थी १६:२) । यहाँ भेटी दिनको लागि आज्ञा गरेको पाउँछौं । हामी आशिषित भएको कारणले गर्दा दिनुपर्छ भनी पावल भन्दछ । निश्चित रकम तोकिएको छैन् । तर, यसको मतलब हामीले थोरै दिन सक्छौं भन्ने होइन् । इस्राएलीहरुलाई निम्न स्तरको करार अन्तर्गत दशांश दिने आज्ञा गरिएको थियो भने, हामी सबै सहमत हुनु पर्छ कि उत्तम करार अन्तर्गत कम्तिमा पनि धेरै दिनुपर्छ । तसर्थ, हामीसँग दशांश दिने आज्ञा नभए तापनि, दशांश हाम्रो दानको सुरुवात हुनुपर्छ, अन्त्य होइन् । पावलले ख्रीष्टियानहरुलाई खुशीसाथ दिन आज्ञा दिन्छन् (२ कोरिन्थी ९:७) । कसैले पनि दिनु पर्छ भनी आदेश दिन्छ भने त्यसले उपहारको हर्षित र इच्छुक स्वभावलाई सजिलै हटाउन सक्छ, जस बिना कसैले आशिषा प्राप्त गर्न सक्दैन् ।

## परमेश्वरसँग सीधै प्रार्थना गर्ने ।

पुरानो करारमा मानिसहरु परमेश्वरको आराधनामा जाँदा पूजाहारीको

माध्यम भएर जानु पर्थ्यो । मानिसहरुले पशुबलि चढाउँथे, तर वास्तवमा बलि चढाउने पूजाहारीहरु थिए । आराधनामा धूप बाल्ने पूजाहारीहरु थिए । मानिस र परमेश्वरको बीचमा पूजाहारी मध्यस्थकर्त्ता थियो ।

अर्कोतर्फ, नयाँ करार अन्तर्गत मानिसले सीधै परमेश्वरसँग सम्पर्क गर्न सक्छ । अब यहाँ कुनै पूजाहारीहरु छैनन् जसको माध्यमद्धारा हामी परमेश्वरमा पुग्न सक्छौं, किनकि हामी सबै, आत्मिक बलिदानहरु चढाउने पवित्र पूजाहारीहरु हौं (१ पत्रुस २:५) । हामी पशुबलि चढाउँदैनौं, तर आफूलाई जीवित बलिदानको रुपमा अर्पण गर्छौं । "यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरुलाई अनुरोध गर्दछु, कि तिमीहरुको आत्मिक उपासनाको रुपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रुपमा अर्पण गर" (रोमी १२:१) । "यसकारण परमेश्वरलाई येशूद्धारा प्रशंसाको बलि निरन्तर चढाऔं । यो प्रशंसा उहाँको नाउँ स्वीकार गर्ने ओठको फल हो" (हिब्रू १३:१५) । एक पल्ट फेरि, हामी बलिदान दिन्छौं, तर त्यो बलिदान हामी आफै हौं । पुरानो नियमका पूजाहारीहरुलाई परमेश्वरमा धूप चढाउन आज्ञा दिइएको थियो (प्रस्थान ३०:८) । आज, हामी धूप चढाउँछौं । त्यो हाम्रो प्रार्थना हो । "जब उहाँले त्यो मुठ्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरु थुमाको सामुन्ने घोप्टो परे । प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरु थिए, जो सन्तहरुका प्रार्थना हुन्" (प्रकाश ५:८) । कुन कुरालाई जोड दिइएको छ सो ध्यान दिनुहोस्, त्यो हाम्रो आराधना र परमेश्वरको सेवाको आत्मिक पक्ष हो । तथ्यको भाव यो हो कि प्रत्येक ख्रीष्टियानहरु प्रत्यक्ष रुपमा परमेश्वरसँग सम्पर्क गर्न स्वतन्त्र छन् ।

## खतना

शारीरिक खतना पुरानो करारको चिन्ह थियो । प्रत्येक यहूदी पुरुषलाई परमेश्वरसँगको आफ्नो करारको सम्बन्धको चिन्हको रुपमा शारीरिक खतना गरिएको थियो । ख्रीष्टियानहरुको पनि खतना हुन्छ, तर यो आत्मिक हृदयको खतना हो । "ख्रीष्टको खतनामा पापमय स्वभावको देहलाई त्यागेर हातविना गरिएको खतनाद्धारा उहाँमा तिमीहरुको खतना भएको थियो" (कलस्सी २:११) । याद गर्नुहोस् कि पावलले यो

खतनालाई पुरानो करार अन्तर्गत हातले गरिएको शारीरिक खतनाको विपरीत हातबिना गरिएको आत्मिक खतनाको रुपमा चिनाउँछ । यो आत्मिक खतना पापहरु मेटाउनको निम्ति लिइन्छ । "यहूदी त्यो हो, जो भित्री रुपले यहूदी हो, साँचो खतनाचाहिँ हृदयको कुरो हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन् । यस्तो मानिसको प्रशंसा मानिसहरुबाट होइन्, तर परमेश्वरबाट हुन्छ" (रोमी २:२९) । यसबाहेक, पावलले गलाती ५:६ मा लेख्दछ, "ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ । तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो-प्रेमद्धारा काम गर्ने विश्वास" (गलाती ५:६) ।

कोही-कोहीले बप्तिस्मालाई करारको चिन्हको रुपमा जोड्न चाहन्छन्; यद्यपि पावलले यसो भनेनन् । पावलले कलस्सी २:१२ मा निरन्तरन्ता दिंदै भन्दछ, "बप्तिस्मामा तिमीहरु उहाँसँगै गाडिएका थियौ । मरेकाहरुबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरु पनि उहाँसँगै जीवित पारियौ ।" जब हामी बप्तिस्मामा गाडिन्छौं, यो आत्मिक खतना हो । तसर्थ, बप्तिस्मा शारीरिक खतना होइन; बरु यो यस्तो समय हो जहाँ परमेश्वरले हाम्रा पापहरु क्षमा गरेर आत्मिक रुपमा खतना गर्नुहुन्छ । बप्तिस्मालाई कहिल्यै पनि नयाँ करारको चिन्ह वा छापको रुपमा चिनिदैन । पवित्र आत्मा हाम्रो छाप हो (एफिसी ४:३०) ।

## निष्कर्ष

आज प्रचलनमा रहेका धेरै साधारण धार्मिक अभ्यासहरुलाई हामीले संक्षिप्त रुपमा हेरेका छौं जसको लागि हामीसँग कुनै अधिकार छैन् । धेरै हदसम्म, तथ्यको कारण यो हो कि मानिसहरुले करारको भिन्नता बुझ्दैनन् । पुरानो करार अन्तर्गत अभ्यास नगर्ने केही कुराहरु पनि हामीले याद गरेका छौं, र म पक्का छु कि तपाईले केही अन्य भिन्नताहरुको बारेमा सोच्न सक्नुहुन्छ । परमेश्वरको सेवामा हामीले के अभ्यास गर्छौं त्यसको लागि हामीले अधिकार खोज्नुपर्छ । यद्यपि, त्यो अधिकार नयाँ नियममा पाउँछौं । आशा छ, यो अध्ययनले तपाईलाई करारहरुमा भएको भिन्नतालाई अझ राम्ररी बुझ्न मद्दत गरेको छ, जसले गर्दा हामीलाई परमेश्वरको वचनलाई सही रुपमा विभाजन गर्न अनुमति दिइएको छ (२ तिमोथी २:१५) ।

नाम...................................................................भर्ना नम्बर....................

## प्रश्नहरु

(१) ढुङ्गाहरुमा कस्ता आज्ञाहरु लेखिएका थिए?

(२) नहेम्याहले शबाथ-दिनको आज्ञा इस्राएलका सन्तानहरुलाई दिएको थियो भनी कहाँ भनेको छ?

(३) अब हामीले परमेश्वरलाई चढाउने धूप के हो?

(४) पुरानो करारको चिन्ह के थियो?

(५) हात बिना गरिएको खतना के हो?

# सही/गलत

(१) दशांश भनेको आफ्नो आम्दानीको दश अंश दिनु हो ।         सही/गलत

(२) नयाँ नियममा वाद्य संगीत प्रयोग गर्ने कुनै अधिकार छैन् ।
सही/गलत

(३) आज हामीलाई दशांशको कुनै आज्ञा छैन, त्यसैले परमेश्वरले हामीबाट थोरै अपेक्षा गर्नुहुन्छ ।         सही/गलत

(४) बप्तिस्मा नयाँ करारको चिन्ह/छाप हो ।         सही/गलत

(५) नयाँ नियममा जे जोड दिइएको छ, त्यो हाम्रो आराधना र परमेश्वरको सेवाको आत्मिक पक्ष हो ।         सही/गलत

# बाइबलमा पाइएका करारहरु

(१) करारः अदनको बगैचामा
पदः उत्पति ३:१५
परमेश्वरको प्रतिज्ञाः शैतान र मानव जातिविच शत्रुता
चिन्हः बच्चा जन्ममा पीडा, रोटीको निम्ति परिश्रम

(२) करारः नोआ
पदः उत्पति ९:८-१७
परमेश्वरको प्रतिज्ञाः परमेश्वरले जलप्रलयद्धारा पुनः नष्ट गर्नुहुन्न् ।
चिन्हः इन्द्रेणी

(३) करारः अब्राहाम
पदः उत्पति १५:१२-२१; १७:१-१४
परमेश्वरको प्रतिज्ञाः यदि तिनीहरुले परमेश्वरको आज्ञालाई पालना गर्‍यो भने अब्राहामका सन्तानहरु ठूलो जाति हुनेछ । परमेश्वर तिनीहरुका परमेश्वर हुनुहुनेछन् ।
चिन्हः धुवाँ

(४) करारः सिनै पर्वतमा
पदः प्रस्थान १९:५-६
परमेश्वरको प्रतिज्ञाः इस्राएल परमेश्वरको विशेष जाति, पवित्र राष्ट्र हुने छ ।
चिन्हः प्रस्थान

(५) करारः पूजाहारीपन
पदः गन्ती २५:१०-१३
परमेश्वरको प्रतिज्ञाः हारुनको सन्तान सदाकालको निम्ति पूजाहारी हुने छन् ।
चिन्हः हारुनको पूजाहारीपन

(६) करारः दाउद
पदः२ शामूएल ७:१३; २३:५
परमेश्वरको प्रतिज्ञाः दाऊदको वंशबाट मसीहद्धारा उद्धार आउनेछ ।
चिन्हः दाऊदको वंशबाट ख्रीष्टको जन्म भयो ।



Jerry and Paula
Bates

दाजु जेरी र दिदी पाउला बेट्स दुबै संयुक्त राज्य अमेरिकाको टेनेसी मूल निवासी हुन् । दाजु जेरीले फ्रिड-हार्डेम्यान विश्वविद्यालय र मिसिसिपी राज्यबाट स्नातक गर्नुभयो । प्रचार सुरु गर्नुभएपछि उहाँले मेम्फिस, टेनेसीको हार्डिंग ग्रेजुएट स्कुलबाट धम कलामा स्नातकोत्तर र फ्लोरेन्स, अलाबामाको हेरिटेज ख्रीष्टियान विश्वविद्यालयबाट दिव्यतामा मास्टर्स (M. Div.) प्राप्त गर्नुभयो । उहाँले टेनेसी, अर्कान्सास र मिसिसिपीका स्थानीय मण्डलीहरुसँग काम गर्दै २५ वर्षभन्दा बढी समयदेखि प्रचार गर्दै हुनुहुन्छ ।

अगस्ट २००७ मा, जेरी र पाउला विनोना सर्नु भयो र विश्व इभान्जेलिज्म टोलीमा सामेल हुनुभयो । पउला पुस्तक रक्षकको रुपमा काम गर्नुहुन्छ र साथै विदेशमा मिसन यात्राहरु बनाउँनुहुन्छ । जेरी भ्वाइस अफ ट्रुथ इन्टरनेशनलका सहयोगी सम्पादक हुनुहुन्छ । उहाँले मुख्यतया विदेशी ढुवानीको समन्वयको साथसाथै मिसन यात्राहरु बनाउने काम गर्नुहुन्छ ।

जेरी डेन्भर, कोलोरोडोमा बियर भ्याली बाइबल इन्स्टिच्युटका लागि विस्तारित संयोजक र शिक्षकको रुपमा पनि काम गर्नुहुन्छ । उहाँले भारतमा दुई पूर्ण कालिन समय प्रवचन स्कुलहरु र कहिलेकाहीँ आवश्यकता पर्दा विभिन्न देशहरुको अन्य विद्यालयहरुमा शिक्षकहरुसँग नजिकबाट काम गर्नुहुन्छ । उहाँ जे.सी. स्कुल अफ इभान्जेलिज्मका प्रतिष्ठान अध्ययक्ष पनि हुनुहुन्छ, जसले प्रभुको मण्डलीका सदस्यहरुलाई क्षेत्रीय सुसमाचारमा सक्रिय हुन उत्प्रेरित गर्ने र प्रोत्साहित गर्ने प्रशिक्षण कार्य गर्दछ । दिदी पाउलाले महिला र बालबालिकालाई

यात्रा गर्दा नियमति कक्षा र गोष्ठीहरुमा पढाउनुहुन्छ ।




सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरु प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस् ।

मोबाइलः ९८४३०५२०९४